केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०५/०७१/७२ मितिः २०७१/०५/०४

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०७१ को इ.प्रा. निर्देशन नं. ४ को बुँदा नं.४ को उपबुँदा नं. २ को खण्ड (ङ) र इ.प्रा. निर्देशन नं. १६ को बुँदा नं. ११ को उपबुँदा नं. १२ लाई देहाय बमोजिम संशोधन गरिएको छ:-

इ.प्रा. निर्देशन नं. ४ को बुँदा नं.४ को उपबुँदा नं. २ को खण्ड (ङ):

*"(ङ) पुँजी समायोजन कोष*

*इजाजतपत्र प्राप्त संस्थाको चुक्ता पुँजी वृद्धि गर्ने प्रयोजनको लागि सृजना गरिएका वा अन्य कोषबाट यस्तो प्रयोजनार्थ रकमान्तर गरिएका रकमलाई यस शीर्षक अन्तर्गत राख्नु पर्नेछ। पुँजी फिर्ता जगेडा कोषमा बाँकी रहेको रकम समेत यस कोषमा रकमान्तर गर्नुपर्नेछ। यस कोषमा रहेको रकम पुँजी वृद्धि गर्न बोनस शेयर जारी गर्ने प्रयोजन बाहेक अन्य कुनै प्रयोजनका लागि रकमान्तर गर्न पाइने छैन।"*

इ.प्रा. निर्देशन नं. १६ को बुँदा नं. ११ को उपबुँदा नं. १२:

*"(१२) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयर भुक्तानी गरेपछि भुक्तानी कोष (Redemption Reserve) मा बाँकी रहेको रकमलाई पुँजी समायोजन कोषमा रकमान्तर गर्नु पर्नेछ।"*

(२) यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०७१ को इ.प्रा. निर्देशन नं. १७ को बुँदा नं. ५ लाई देहाय बमोजिम संशोधन गरिएको छ:-

*"इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले "घ" वर्गको वित्तीय संस्थाको संस्थापक शेयरमा गरेको लगानीलाई समेत अप्रत्यक्ष रुपमा विपन्न वर्गमा प्रवाह गरिएको कर्जा सरह गणना गरिने छ।"*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(३) बैंक तथा वित्तीय संस्थाहरुले गर्ने लगानी मध्ये Trading Book Activities मा हुने लगानी बढ्दै गएको र यसले संस्थाको लगानीमा निहित जोखिम बढाउने देखिएकोले सम्बन्धित संस्थाले त्यस्ता कार्यहरुबाट हुन सक्ने जोखिमको न्यूनीकरणका लागि आवश्यक उपायहरु अवलम्बन गरेर मात्र लगानी गर्नुपर्ने छ । साथै, बैंक तथा वित्तीय संस्थाले व्यापारिक लगानीमा (Held for Trading) आफ्नो प्राथमिक पुँजीको एक प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछन् । यो निर्देशन जारी हुनु अघि प्राथमिक पुँजीको एक प्रतिशत भन्दा बढी हुने गरी लगानी गरेको भए त्यस्तो लगानीलाई २०७२ असार मसान्तसम्ममा निर्धारित सीमाभित्र ल्याई सक्नु पर्नेछ ।

भवदीय,

(वासुदेव अधिकारी)
का.मु.कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौं ।